## औरही नगरपालिका नगर कार्यपालिकाको कार्यालय औरही महोत्तरीको लागि गाडी भाडामा लिने सम्बन्धी शिलबन्दी दरभाउपत्र पेश गर्ने सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७६/११/०९**

उपरोक्त बिषयमा यस कार्यालयका लागि निम्न अनुसार विशेषता भएका बढीमा ३ वटा गाडी चालु आ.व.को लागि भाडामा लिनु पर्ने भएकोले इच्छुक गाडीधनिहरुबाट निम्न शर्तको अधिनमा रही आजका मितिबाट १५ दिन भित्र यस कार्यालयबाट रु.१०००।- मा फिर्ता नहुने गरी दस्तुर तिरी दरभाउपत्र खरिद गरी शिलबन्दी गरी पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

१. गाडी धनिहरुले आफुले दिन चाहेको मासिक गाडीभाडा अंक र अक्षरमा प्रष्ट खुलाइ भाडा कर सहितको रकम उल्लेख गरि निवेदन दिनु पर्नेछ ।

२. निवेदन साथै गाडिधनिको ब्लुबुक, चालकको नागरिकता, चालकको अनुमतिपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ र कार्यालयले इन्धन प्रयोग गर्दा दुरी लगबुक व्यवस्थापन गर्नु पर्ने हुँदा चालक सो लगबुक भर्न सक्ने लेखपढ गर्न जान्ने हुनु पर्नेछ ।

३. गाडीमा इन्धन कार्यालयले नै ब्यहोर्ने हुँदा ईन्धन वाहेकको रकम उल्लेख गर्नु पर्नेछ ।

४. चालकको लागि पारिश्रमीक, भत्ता ,सुविधा, खाना, खाजा लगायत सम्पूर्ण खर्च लगायत सम्पूर्ण गाडिधनिले नै ब्यहोर्नु पर्नेछ ।

५. कार्यालयले गाडी २४ घण्टाको समयभित्रको आवश्यकता अनुसार कुनै पनि सययमा प्रयोग गर्न सक्नेछ, गाडी र चालकलाई गाडीधनिले कार्यालय नजिक हुने स्थानमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६. भाडामा लिएको गाडीको मर्मत सम्भार, सर्भिसिङ्ग गाडीधनि आफैले ब्यहोर्नु पर्नेछ ।

७. भाडामा दिने गाडीको कर चुक्ता, नविकरण र सबै पक्षको बिमा गाडी धनिकै तर्फबाट भएको हुनु पर्नेछ ।

८. गाडीधनिले पेश गरेको गाडीभाडा वापतको रकममा नियमानुसार १० प्रतिशत कर कट्टा गरी भुक्तानी गरिनेछ ।

९. गाडी चालु अवस्थामा हुनु पर्ने र गाडी बिग्रिएको अवस्थामा गाडीभाडा भुक्तानी दिईने छैन ।

१०. शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गरीसक्नु पर्नेछ, र सोही दिनको २:०० बजे उक्त शिलबन्दी दरभाउपत्रहरु यस कार्यालयका प्रतिनिधि र गाडीधनिको रोहवरमा खोलिने छ, तर गाडीधनी प्रतिनिधि नआए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

११. अन्य थप कुराहरु प्रचलित कानून अनुसार हुनेछ ।

**गाडीको स्पेशिफिकेशन**

१. घटिमा ४ सिलेन्डर भएको ।

२. सन् २०१७ भन्दा पछाडी बनेको/पेट्रोल गाडी भए घटिमा ७ सिट र डिजेल गाडी भए घटिमा ९ सिट क्षमता भएको ।

३. हर्स वापर - पेट्रोल गाडी भए कम्तिमा १४५० सि.सि. र डिजेल गाडी भए कम्तिमा २१५०सि.सि. क्षमता भएको ।

४. फुल अफ्सन सुविधा भएको, सेतो सिल्भर कलरलाई प्राथमिकता दिईनेछ ।

.........................

(चुडाराज भट्टराई)
प्रमुख प्रशासकीय अधिकृत
औरही न.पा.महोत्तरी

चुडाराज भट्टराई
प्रमुख प्रशासकीय अधिकृत